पाचौ बैठक

आज मिति २०७४।४।२४ गतेका दिन वालिङ नगरापकिला नगर कार्यपालिकाको बैठक नगर प्रमखु श्री दिलिप प्रताप खाण ज्यूको अध्यक्षतामा बसि तपसिल बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो ।

| सि.नं. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री दिलिप प्रताप खाण | |
| २ | उप प्रमुख | श्री कल्पना तिवारी | |
| ३ | वडा अध्यक्ष | श्री केदार काफ्ले | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री सुक बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री रनध्वज गुरुङ | |
| ७ | वडा अध्यक्ष | श्री ढाकाराम पंगेनी | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री कमल सुवेदी | |
| ११ | वडा अध्यक्ष | श्री बसन्त कुमार श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री अनन्तराज गैह्रे | |
| १३ | वडा अध्यक्ष | श्री बसन्त कुमार मल्ल | |
| १४ | वडा अध्यक्ष | श्री दान बहादुर गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री आनन्द प्रसाद पाठक | |
| १६ | वडा अध्यक्ष | श्री झंम्मरबहादुर श्रेष्ठ | |
| १७ | न.पा. का.पा.सदस्य | श्री युगमाया पंगेनी | |
| १८ | न.पा. का.पा.सदस्य | श्री गिता रनपाल | |
| १९ | न.पा. का.पा.सदस्य | श्री जमुना के.सी | |
| २० | न.पा. का.पा.सदस्य | श्री टोपली सिंजाली | |
| २१ | न.पा. का.पा.सदस्य | श्री रेखा थापा | |
| २२ | न.पा. का.पा.सदस्य | श्री धन बहादुर कुमाल | |
| २३ | न.पा. का.पा.सदस्य | श्री तारा बहादुर वि.क | |
| २४ | न.पा. का.पा.सदस्य | श्री श्याम बहादुर सार्की | |
| २५ | सदस्य सचिव | श्री भिमकान्त पौडेल | |

**निर्णय नं. १**

वालिङ नगरपालिकामा कार्यरत खरिदारद्धय श्री राजेन्द्र प्रसाद रेग्मी र चेतनप्रसाद अर्यालको कार्य सम्पादन तथा अनुभवको मुल्याङकनद्धारा हुने बढुवाको लागि पदपूर्ति समितिबाट ना.सु. पदमा बढुवा सिफारिस भई मिति २०७४।२।२८ मा ३५ दिन पूरा भएको र निजहरुका विरुद्ध कुनै उजुरी नपरेकोले ३६ औं दिन देखी लागू हुने गरी बढुवा नियुक्ति दिने निर्णय गरियो ।

**निर्णय नं. २**

वालिङ नगरपालिकामा कार्यरत सव ओभरसियर श्री शिवजी यादवले मिति २०७२।३।३ गते देखि आफू ब्लड क्यनसर को विरामी भई उपचारको क्रममा विभिन्न अस्पतालमा उपचार गराउने क्रममा आफुले नियमानुसार पाउने घर विदा र विरामी विदा लिई सक्दा समेत विदा अपुग हुन गएको जम्मा ५१३ १/२ दिनको असाधारण विदा मिलान गरी पाऊ भनी मिति २०७४।३।२३ मा यस कार्यालयमा निवेदन पेश गरेकोले निजलाई ४५ दिन सम्म पेश्की विरामी विदा दिने र बांकी ४६८ १/२ दिनको सेवा सुविधा नपाउने गरी असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

वालिङ नगरपालिका अर्न्तगत सिद्धार्थराजमार्गलाई अतिक्रमण गरी अव्यवस्थित रुपमा निर्मित संरचनाहरुलाई व्यवस्थित गराउनका लागि तपसिल बमोजिमका सदस्यहरु रहने गरी वालिङ नगरपालिकामा राजमार्ग व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक, श्री केदार काफ्ले, वडा अध्यक्ष वडा नं. १
सदस्य, श्री श्यामकृष्ण श्रेष्ठ, वडा अध्यक्ष वडा नं. ६
सदस्य, श्री कमल सुवेदी, वडा अध्यक्ष वडा नं. ८
सदस्य, श्री बसन्त श्रेष्ठ, वडा अध्यक्ष वडा नं. ९
सदस्य, श्री आन्तराज गैह्रे, वडा अध्यक्ष वडा नं. १०
सदस्य, श्री आनन्द पाठक, वडा अध्यक्ष वडा नं. १३
सदस्य, श्री बसन्त कुमार मल्ल, वडा अध्यक्ष वडा नं. ११
साथै समितिको बैठकमा आवश्यकता अनुसारका विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**निर्णय नं. ४**

स्मार्ट वालिङ निर्माण परियोजना अर्न्तगत तपसिल बमेजिमका विज्ञहरु रहने गरी विभिन्न विद्याका व्यक्तिहरुलाई सल्लाहकारको रुपमा मनोनय गर्ने निर्णय गरियो ।

क) स्मार्ट वालिङ विषय विज्ञ, श्री विज्ञान घिमिरे
ख) प्रेस/संचार विष विज्ञ, श्री तोलाकान्त वगाले
ग) सामाजिक विकास विषय विज्ञ, श्री दिनेश तिवारी (दिनकर नेपाल)

**निर्णय नं. ५**

बेरुजु तथा आलेप सम्बन्धी आर्थिक सल्लाहकारको कामकाज गर्ने गरी श्री कृष्णप्रसाद डुम्रेलाई करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

वालिङ नगरपालिकामा पनि आ.व. २०७४/०७५ को लागि जिल्ला दररेट समितिले निर्धारण गरेको जिल्ला दररेट बमोजिम नै गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

वालिङ नगरपालिकाको समग्र विकासलाई प्रभावकारी रुपले संचालन गर्नको लागि तपसिल बमोजिमको सल्लाहाकार समिति गठन गर्ने निर्णय गरियो ।

समाज सेवी, श्री भोजराज अर्याल, वालिङ नगरपालिका वडा नं. ६
समाज सेवी, श्री लालचन्द्र गैह्रे, वालिङ नगरपालिका वडा नं. १०
समाज सेवी, श्री लक्ष्मीकान्त रेग्मी, वालिङ नगरपालिका वडा नं. ७
समाज सेवी, श्री कृष्ण खांण, वालिङ नगरपालिका वडा नं. १

**निर्णय नं. ८**

वालिङ नगरपालिकामा रहेको पूरानो ल्याण्डकुजर जीप मर्मत गरी संचालनमा ल्याउने र आ.व. २०७४/०७५ मा खरिद गर्न विनियोजित बजेटबाट सवारी साधन जिप १ (एक), जे.सी.भी. २ (दुई), टिप्पर १ (एक), खरिद कार्यको लागि सार्वजनीक खरिद नियम बमोजिमको प्रकृयाद्धारा खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मापदण्ड विपरीत अव्यवस्थीत रुपले बजार क्षेत्रमा वंगुर पालन गरेका सम्बन्धित घर धनीलाई १ महिना भित्र नियमानुसार सम्बन्धित निकायबाट स्वीकृत लिई मापदण्ड अनुसार मात्र पाल्न लगाउन सूचना प्रकाशन गर्ने । साथै अव्यवस्थित रुपले घर भित्र, घरको छाना, कौशीमा पालेकालाई एक महिना भित्र हटाउन निर्देशन दिने ।

**निर्णय नं.१०**

स्वास्थ्य र आयुर्वेद कार्यालय तर्फ अनमी र का.स.हरु केही रिक्त रहनगई काममा बाधा पुग्न गएकोले नियमानुसारको प्रकृया पूरा गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

आ.व. २०७४/०७५ को बार्षिक खरिद योजना तथा कार्य तालीका पेश भए बमोजिम स्वीकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्राकृतिक सम्पदाकोरुपमा रहेको आधिखोलामा विभिन्न प्रजातीका माछाहरु कृतिम विधिद्धारा मार्ने परमपराले माछा मासीदै गएको हुदा उक्त आधिखोलामा माछा मार्ने परमपरा माझी जाती बाहेक अन्यलाई अनुमती नलिई माछा मार्ने कार्य गर्न गराउन निषेध गर्ने निर्णय गरियो ।